# शिविरमार्फत सामाजिक सुरक्षाभत्ता वितरण

◆ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*



साकेला गाउँपालिकाले दसैं, तिहार, नेपाल सम्वत् तथा छठपर्वको अवसर पारेर आयोजना गरेको सामाजिक सुरक्षाभत्ता वितरण शिविरमा ५८२ जना लाभग्राहीले सेवा लिएका छन् ।

ज्येष्ठ नागरिक तथा अशक्त र अपाङ्गता भएका लाभग्राहीको गाउँमै पुगेर सेवा दिने उद्देश्यले आयोजना गरिएको शिविरमा एक करोड एक लाख ६३ हजार रुपैयाँ बराबरको सामाजिक सुरक्षाभत्ता वितरण गरेको हो । गाउँपालिकाले प्रत्येक वडामा घुम्ती शिविर सञ्चालन गरेर सामाजिक सुरक्षाभत्ता वितरण गरेको गाउँपालिकाको सामाजिक सुरक्षा शाखाका संयोजक डिएम चाम्लिङ राईले जानकारी दिए । गाउँपालिकाले चाडपर्वको पूर्वसन्ध्यामा गाउँमै शिविर आयोजना गरेर सामाजिक सुरक्षाभत्ता वितरण गरेपछि लाभग्राहीसमेत हर्षित भएका छन् ।

साकेला गाउँपालिका-१ बाँभ्रेच्यानडाँडाका १७८ जनालाई ३८ लाख २१ हजार रुपैयाँ, वडा नं २ रतन्छाका १२३ जनालाई १८ लाख ५८ हजार रुपैयाँ, वडा नं ३ खिदिमाका ८८ जनालाई १३ लाख ३७ हजार रुपैयाँ वितरण गरिएको छ । यस्तै, साकेला गाउँपालिका-४ मात्तिमका ७९ जनालाई १२ लाख ५९ हजार र साकेला गाउँपालिका-५ मात्तिमविर्ताका ११४ जना लाभग्राहीलाई १८ लाख ८८ हजार रुपैयाँ वितरण गरिएको हो ।

कतिपयले बैंकको मानेभञ्ज्याङ शाखाबाट समेत सामाजिक सुरक्षा भत्ता बुझिरहेका छन् । गाउँपालिकाले नेपाल एसबिआई बैंकको साकेला शाखासँगको सहकार्यमा सामाजिक सुरक्षाभत्ता वितरण गरेको हो । शिविरस्थलमा उपस्थित भएर भत्ता बुझ्न नसक्ने लाभग्राहीले नेपाल एसबिआई बैंकको देशभरका जुनसुकै शाखाबाट पनि भत्ता लिन सक्ने गाउँपालिकाले जनाएको छ । बैंकिङ प्रणालीमार्फत त्रैमासिक रुपमा वितरण गर्नुपर्ने सामासकिज सरक्षाभत्तालाई गाउँपालिकाले पहिलादेखि नै वडा-वडा पुगेर वितरण गर्दै आएको छ ।

भौगोलिक विकटता र शारीरिक अशक्तताका कारण बैंकसम्म पुगेर भत्ता लिन शारीरिक कष्ट र दुःख हुने भएकाले घर पायकमा शिविर राखेर भत्ता वितरण गरिएको गाउँपालिका प्रमुख रविप्रकाश राईले बताए । दश स्थानीय तह रहेको जिल्लामा साकेला गाउँपालिकाले सबैभन्दा पहिले लाभग्राहीलाई बैंकिङ प्रणालीमार्फत सामाजिक सुरक्षाभत्ता वितरण सुरु गरेको हो ।

कर्मचारीमार्फत वितरण गर्दा ठूलो मात्रामा आर्थिक अनियमितता भएको पाएपछि त्यसलाई रोक्न बैंकिङ प्रणाली लागू गरिएको गाउँपालिकाले जनाएको छ । जिल्लाको सबैभन्दा सानो स्थानीय तह (पाँचवटा वडा रहेको) यो गाउँपालिकामा मृत्यु भइसकेका व्यक्ति, अन्यत्र बसाइँ सरिसकेका, नक्कली लाभग्राही खडा गरेर, अर्कै वडाको व्यक्तिको नाम राखेर, एकै जनाको एकभन्दा बढी नाम देखाएर सामाजिक सुरक्षा भत्ता दुरुपयोग गरेको छानबिनका क्रममा फेला परेको थियो ।

# महानगरलाई कम्प्युटर र प्रिन्टर सहयोग



◆ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*

गत भदौ २४ गते जेनजीको आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीबाट प्रभावित बनेको विराटनगर महानगरपालिकालाई निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), विराटनगरले कार्यालय सञ्चालनका लागि आवश्यक कम्प्युटर तथा प्रिन्टरहरू सहयोग गरेको छ । शुक्रबार आयोजित एक कार्यक्रममा प्याब्सनले उक्त सामग्री महानगरपालिकालाई हस्तान्तरण गरेको हो ।

आन्दोलनका क्रममा महानगरपालिकाको कार्यालयमा ठूलो भौतिक क्षति पुगेपछि कार्यालयको कामकाज प्रभावित भएको थियो । यस अवस्थालाई मध्यनजर गर्दै प्याब्सनले तत्काल सेवा सुचारु गर्न सहयोग पुऱ्याउने उद्देश्यले शैक्षिक प्रशासन महाशाखाका लागि दुई थान डेस्कटप कम्प्युटर र दुई थान प्रिन्टर उपलब्ध गराएको छ । त्यसैगरी, राजश्व महाशाखाको सहज सञ्चालनका लागि दुई थान डेस्कटप कम्प्युटर र एक थान थ्री इन वन प्रिन्टर तथा स्क्यानर प्रदान गरिएको छ ।

विपद्को समयमा एकअर्कालाई साथ दिनु सामाजिक दायित्व भएको बताउँदै प्याब्सन विराटनगरका अध्यक्ष अर्जुन श्रेष्ठले महानगरपालिकाको सेवा प्रवाहलाई सहज बनाउन सानो सहयोग गरिएको बताए । उनले भने, "यो विपद्को घडीमा महानगरपालिकाको काम नरोकियोस् र जनताले छिटोभन्दा छिटो सेवा पाउन् भन्ने हाम्रो चाहना हो ।"

प्याब्सनका तर्फबाट केन्द्रीय सदस्य सितला सुब्बा, कोशी प्रदेशका कोषाध्यक्ष प्रेमलाल सिंह सुवाल, प्याब्सन मोरङका उपाध्यक्ष विष्णु डंगोल, कोषाध्यक्ष मणिराज भट्टराईलगायत नगर तथा जिल्लाका पदाधिकारीहरूको उपस्थितिमा उक्त सामग्रीहरू महानगरपालिकाकी उपप्रमुख शिल्पा निरला कार्कीलाई हस्तान्तरण गरिएको थियो । उपप्रमुख कार्कीले संकटको बेलामा प्राप्त भएको यो सहयोग महत्वपूर्ण भएको बताउँदै प्याब्सनप्रति आभार व्यक्त गरिन् । प्राप्त सहयोगले महानगरको अत्यावश्यक सेवा पुनः सञ्चालनमा ल्याउन ठूलो मद्दत पुग्ने उनले विश्वास व्यक्त गरिन् ।

# विद्यार्थीलाई स्टारको पुरस्कार

◆ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*

विराटनगरमा रहेको स्टार बहुउद्देश्यीय सहकारी संस्थाले राम्रो अंक ल्याएर एसइई उत्तीर्ण गर्ने विद्यार्थीलाई पुरस्कृत गरेको छ । संस्थाको २८ औ वार्षिक साधारण सभाको अवसरमा संस्थाले शिक्षा विद्यार्थीहरूलाई सम्मान सहित पुरस्कृत गरेको हो ।

पुरस्कृत हुने ११ जना बिद्यार्थीहरुलाई जनही ७ हजारसहित प्रमाणपत्र प्रदान नगरिएको सहकारीका सचिव डा.डिल्ली पोखरेलले जानकारी दिए । संस्थाले आर्थिक वर्ष २०८०/८१ म ७ करोड १८ लाख ११ हजार १५८ रुपैयाँ आम्दानी गरेकोमा गत आर्थिक वर्ष २०८१-८२ को असार मसान्तसम्ममा ६ करोड ९७ लाख ८७ हजार २९५ रुपैयाँ आम्दानी गरेको छ । सो आर्थिक वर्षमा ६ करोड ८७ लाख २८ हजार ८३२ रुपैयाँ कुल खर्च भएको संस्थाका अध्यक्ष रमेश पोखरेलले जानकारी दिए ।

सहकारीले १० लाख ५८ हजार ४६२ रुपैयाँ सञ्चालन नाफा रहेको छ । कार्यक्रममा असल कर्जा सदस्य एवम् बचत कर्ता सम्मान, कर्जा बिमा व्यवस्था, विशेष सम्मान कार्यक्रम, विशेष सम्मान, पोसाक वितरण गरेको जनाएको छ। संस्थाले दश बर्से रणनीति तयार भएको, एसएमएस सेवा सञ्चालन, भुक्तानी सुविधा, रेमिटेन्स कारोबार तथा रोजगार प्रवर्द्धन कार्यक्रम समेत सञ्चालन गरेको समेत अध्यक्ष पोखरेलले जानकारी दिए ।

संस्थाले आर्थिक वर्ष २०८१-८२ मा ३ करोड ८९ लाख ४८ हजार ३९७ निक्षेपमा ब्याज सङ्कलन भएको जनाएको छ । जोखिम बेहोर्ने कोष ३६ लाख ५ हजार ५३५ रुपैयाँ र घर भाडामा मात्रै ८ लाख ४१ हजार खर्च गरेको सहकारीको प्रतिवेदनमा उल्लेख छ । कार्यालय मर्मत सम्भारको नाममा ४ लाख २७ हजार, भुक्तानी गर्न बाँकी ब्याज ६९ लाख ४७ हजार, कर्मचारी तलबमा ९६ लाख ६५ हजार रुपैयाँ खर्च भएको प्रतिवेदनमा उल्लेख छ ।

भ्रमण तथा यातायातमा ९ लाख ६२ हजार, टेलिफोन लगायतमा ३ लाख ४६ हजार खर्च भएको उल्लेख गरेको छ ।

# धरानमा २३ करोडको खसीबोका किनबेच

धरान, ११ असोज (हाम्रोमत)- दशै नजिकिँदै गर्दा धरानको कृषि उपज बजारमा असोज महिनामा लागेको दुई पटकको बजारमा २३ करोड रुपैयाँ बराबरको खसी बोकाको कारोबार भएको छ ।

कृषि बजारमा हप्ताको ४ पटक खसी बोकाको बजार लाग्ने गर्दछ । दशैंमा मासुको माग पूर्ति गर्न व्यवसायीहरूले धरानबाट विभिन्न शहरमा खसिबोका लैजाने गर्छन् ।

बजार व्यवस्थापक लक्ष्मण भट्टराईका अनुसार असोज महिनामा २ पटक लागेको बजारमार्फत करिब १० हजार ५०० खसी-बोका बिक्री भएका छन् । त्यसको सरदर मूल्य करिब २३ करोड रुपैयाँ हुन्छ ।

'हिजो बिहीबार र शनिबार दुई दिनमा ५ हजार जति खसी-बोका किनबेच भयो । यसअघि असोज २ र ३ गते ५ हजार ५ सय जति खसिबोका किनबेच भएको थियो' उनले भने । लगातारको वर्षाले साउनमा खसी ढुवानीमै समस्या ल्याएको थियो । जेन-जी आन्दोलनमा भएको तोडफोड, आगजनी, लुटपाटले व्यापारीहरू त्रसित थिए ।

सडक अवरोध हुँदा कतिपय किसानले ल्याएका खसी बोका फिर्ता लैजानुपरेको थियो । विषम परिस्थितमा उपभोक्ता कम आएका कारण कारोबारमा केही घटबढ भएको भट्टराईको भनाइ छ ।

कृषि बजारमा खसी बोका आपूर्ति मुख्य रूपमा भोजपुर, संखुवासभा, खोटाङ, तेह्रथुम, धनकुटा, उदयपुर, पाँचथर र सुनसरीबाट हुने गरेको छ । यहि बजारबाट खसी बोका तराई, दमक, उर्लाबारी, ईटहरी, विराटनगर, इनरुवा, लहान, राजविराज हुँदै काठमाडौसम्म पुग्छन् ।

बजारमा वर्षैभरि करिब १ लाख २० हजार खसीबोकाको कारोबार हुन्छ । त्यसको कुल मूल्यको अनुमान २ अर्ब ४० करोड पुग्छ । जिवित खसिबोका साधारणयता ६ सय रुपैयाँ प्रतिकिलो दरमा बिक्री हुने गरेको छ ।

किसानहरूलाई सहज बनाउन बजारस्थलमै स्वास्थ्य प्रमाणपत्र दिने व्यवस्था गरिएको छ । टाढाबाट आएका किसानका लागि बस्ने, पानी-बत्ती, तौलने काँटा, सिसिटिभी र रिफ्रेस सेन्टरको सुविधा उपलब्ध छ भने खसीबोका राख्न निःशुल्क खोर पनि दिइन्छ ।

# पत्रकार पाठकलाई सम्मान



विराटनगर, ११ असोज (हाम्रोमत)- नेपाल पत्रकार महासंघ मोरङका अध्यक्ष पत्रकर सुशीला पाठकलाई पदमप्रसाद अम्बिकादेवी दाहाल स्मृतिकोषबाट सम्मान गरिएको छ । दाहाल प्रतिष्ठानले पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै शनिबार ११ हजार रुपैयाँ राशिसहित सम्मान पत्रले पाठकलाई सम्मान गरिएको हो ।

प्रतिष्ठानका केन्द्रीय अध्यक्ष दुर्गाप्रसाद दाहाल, महासचिव सूर्यकुमार दाहाल, निवर्तमान केन्द्रीय अध्यक्ष शालिग्राम दाहाल, युवराज दाहाल, नारायणप्रसाद दाहाललगायतले पाठकलाई सम्मान गरे । दाहाल प्रतिष्ठानअन्तर्गत स्थापित कोषहरूबाट समाजका विभिन्न क्षेत्रमा योगदान गरेका व्यक्तिलाई सम्मानित एवं पुरस्कृत गरिएको थियो ।

विद्यादेवी, बाबुराम-सरस्वती दाहाल सेवा कोषबाट स्थापित 'विराट सामाजिक सम्मान' बाट पण्डित भवानी शंकर निरौलालाई ३१ हजार रुपैयाँ, माया घरकी सुभद्रा प्याकुरेल र मानव सेवा आश्रमका नवराज केसीलाई २५ हजार रुपैयाँले सम्मान गरिएको छ । त्यसैगरी, सोही कोषबाट वराहक्षेत्र गुरुकुलका युगल दाहाल र उदयपुर गुरुकुलका पुष्पराज भट्टराईलाई ७ हजार रुपैयाँसहित प्रोत्साहन स्वरूप सम्मान गरिएको छ ।

प्रतिष्ठानले सोही अवसरमा स्वर्गीय पण्डित जानकीवल्लभ-चन्द्रप्रभा दाहाल स्मृति कोषका तर्फबाट दमकका कुलबधु डोयनालाई 'सामाजिक सम्मान' र यमुना कोइराला दाहाललाई 'वर्ष कुलबधु सम्मान' प्रदान गरिएको छ । स्वर्गीय पदमप्रसाद-अम्बिकादेवी दाहाल स्मृति कोषका तर्फबाट भक्ति दाहाललाई 'लेखन तथा साहित्य सम्मान' प्रदान गरिएको छ । कोषबाट ११ हजार राशिसहित सुमितकुमार खड्कालाई 'राष्ट्रिय गायक सम्मान' र ललितनारायण राजवंशीलाई ' वर्ष खेलाडी सम्मान' बाट सम्मानित गरिएको छ ।

यस्तै स्वर्गीय चन्द्रकान्त-दिव्यश्वरा दाहाल स्मृति कोषको तर्फबाट धनमाया दाहाललाई ६ हजार १५५ रुपैयाँ राशिसहित 'वर्ष आमा सम्मान' प्रदान गरिएको छ भने सोही कोषबाट ५ हजार ५५५ रुपैयाँ राशिसहित पोखरिया माविका उदय सिटौला र आदर्श माविका शुभेच्छा दाहाललाई उत्कृष्ट छात्रछात्रा सम्मानबाट पुरस्कृत गरिएको छ ।

# झुम्काबाट फरार तीन कैदी पक्राउ

धरान, ११ असोज (हाम्रोमत)- जेनजी आन्दोलनको समयमा सुनसरीको झुम्का कारागारबाट फरार भएका तीन जना कैदीलाई धरान प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार भदौ २४ गते कारागारबाट फरार धरान १५ का ३२ बर्षीय राजु थापा मगरलाई पक्राउ गरिएको हो । उनी लागुऔषध मुद्दाका कैदी हुन् ।

प्रदेश प्रहरी कार्यालय धरान र इलाका प्रहरी कार्यालय धरानबाट खटिएका प्रहरी सहायक निरीक्षक प्रदिप लिम्बु र प्रहरी हवल्दार चण्डीमान राईको कमाण्डमा खटिएको टोलीले फरार मगरलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय धरानमा राखेको प्रहरीले जनाएको छ ।

## पहिलो पृष्ठबाट बाँकी

### व्यापारीमा...

दशैंको समयमा भाटभटेनी बन्द हुँदा त्यहाँ जाने नियमित ग्राहकहरू अहिले विराटनगरका खुद्रा पसलहरूमा छरिएका छन् । यसले गर्दा मेनरोड, तीनपैनी, मेन बजार र अन्य क्षेत्रका साना तथा मझौला व्यापारीहरूको व्यापारमा उल्लेख्य वृद्धि भएको छ । खाद्यान्न, लत्ताकपडा, इलेक्ट्रोनिक्स र घरायसी सामानका व्यापारीहरूले भाटभटेनीको अभाव महसुस हुन नदिन विभिन्न अफर र नयाँ सामानहरू उपलब्ध गराएका छन् । यस घटनाले विराटनगरको परम्परागत बजारको महत्वलाई पुनः एकपटक उजागर गरिदिएको छ र साना व्यापारीहरूका लागि यो एक सुनौलो अवसर बनेको छ ।

स्थानीय बजार गुल्जार हुँदा व्यापारीहरू उत्साहित भए पनि उपभोक्ताहरूको अनुभव भने मिश्रित छ । जोगबनी र भाटभटेनीजस्ता विकल्प बन्द हुँदा स्थानीय बजारमा मूल्य बढेको गुनासो केही उपभोक्ताले गरेका छन् । बजारमा बढेको भिडले ट्राफिक व्यवस्थापनमा समेत चुनौती थपिएको छ । चाडपर्वका कारण सवारी साधनको चाप बढेको मोरङ ट्राफिक प्रहरीले जनाएको छ । साँघुरो सडक र जथाभावी पार्किङले गर्दा पैदलयात्रीलाई हिँड्नसमेत मुस्किल भएको छ ।

### भारतीय...

अवस्था असामान्य बनेपछि जोगवनी प्रवेश गर्ने नेपाल-भारत सीमा नाका बन्द गरिएको थियो ।

'तनाबको कारण किनमेलका लागि जोगवनी जान लागेका नेपालीलाई विराटनगरको रानी नाकामै रोकेको थियो । जोगवनीमा तनाव भएपछि सीमा नाका तत्काललाई बन्द गरिएको थियो,' मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले भने, 'केही समय अवस्था असामान्य भएको भएपनि भारतीय सुरक्षाकर्मीहरुले वातावरण सामानय बनाएको जानकारी पाएका छौं ।'

घटनापछि रानी नाकामा अहिले ठूलो संख्यामा नेपाल र सशस्त्र प्रहरीसहितका सुरक्षाकर्मी परिचालन गरिएको थियो । सुरक्षाकर्मीले बिहान जोगवनी जान लागेका नेपालीहरुलाई सीमा क्षेत्रमै रोकेका थिए । करिब ११ बजेदेखि सुरु भएको तनाव अपरान्हबाट नियन्त्रणमा आएको हो । शुक्रबारको तनावका कारण शनिबार भारतीय बजार जोगवनी जाने नेपाली उपभोक्ताहरुको संख्यामा उल्लेख्य कमी आएको थियो भने विराटनगर बजारमा चहलपहल निकै बढेको थियो ।
















